माण्डवी गाउँपालिका, प्यूठानको आ.व २०८२/०८३ को

# दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

## माण्डवी गाउँपालिका
## प्यूठान जिल्ला
## लुम्बिनी प्रदेश

## मिति: २०८२ चैत  २८ गते

**१.पृष्ठभुमिः** सार्वजनिक पद र अधिकार धारण गरेका कर्तव्यपालक र सेवाग्राहीबीच सार्वजनिक रूपमा हुने प्रत्यक्ष अन्तरक्रिया सार्वजनिक सुनुवाइ हो। सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गरी पारदर्शिता, जवाफदेहिता, प्रवद्र्धन गरी सुशासनको प्रत्याभुति गर्न सार्वजनिक सुनुवाईले अहंम भूमिका खेल्दछ। स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउने कार्य सार्वजनिक सुनुवाईले गर्दछ। नियमित र खुला अन्तरक्रियाका माध्यमबाट सेवाग्राहीलाई सन्तुष्टि प्रदान गरी विश्वासको वातावरण कायम गर्नु यसको उद्देश्य हो। स्थानीय निकायवाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्न, जिज्ञासाहरुमा स्पष्टता ल्याउने र नागरिकबाट मूल्याङ्कन गराउने तथा नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवारीबोधको संस्कार बसाउन तथा सेवा प्रवाहमा थप सुधार ल्याउनका लागि सार्वजनिक सुनुवाई गरिन्छ।

सूचनाको हकसम्बन्धी ऐन तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनले पनि सेवाप्रति सेवाग्राहीको सुझाब तथा सुनुवाइलाई जोड दिएका छन्। स्थानिय सरकारले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ। यसबाट सेवाग्राहीका गुनासा सेवा–प्रदायकले सुनी पुनः नदोहोर्याउने प्रतिबद्धता व्यक्त गर्छन्। सुचनाको हक सम्वन्धी ऐन तथा सार्वजनिक निकायमा सार्वजनिक सुनुवाई सम्वन्धि कार्यविधि २०६७ तथा स्थानीय सरकार सचालन ऐन २०७४ मा भएका ब्यवस्था अनुसार सेवा प्रदायक निकायले आफुले गरेका कामकारवाहीको विषयमा सरोकारवाल निकायविच अन्तरक्रिया गरी पारदर्शिता प्रवर्दन, आन्तरिक सुशासन कायम र सहभागितामुलक कार्य पद्दति अवलम्वन गर्न महत्वपूर्ण भुमिका खेल्छ।

माण्डवी गाउँपालिकाद्धारा आ.ब २०८२।०८३ को दोश्रो चौमासिकसम्ममा सम्पन्न गरेका कार्यहरु ,गाउँपालिकाबाट गरिएको सेवा प्रवाह, संचालन भएका बिकास निर्माण कार्यहरु तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरुका बारेमा जानकारी लिने महत्वपुर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको हो।

**२.कार्यक्रमको उद्देश्यः**

यस कार्यक्रमको उदेश्य माण्डवी गाउँपालिकाको आ.व. २०८२/०८३ दोश्रो चौमासिकसम्मको प्रगतिको समिक्षा तथा हालसम्मको खर्च सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु ग्रहण गर्नु हो। कार्यक्रमका थप उदेश्य तपसिल अनुसार छ।

१. कार्यालयबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वाजनिक गर्नु।
२. गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने।
३. सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने।
४. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने।
५. स्थानीय तहका निर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने।
६. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्न

**माण्डवी गाउँपालिकाको परिचय**

- **अवस्थिति:** नेपाल सरकारको निर्णयाअनुसार मिति २०७३/११/२२ गते साविकका गाविसहरु तिराम (१–४), मर्कावाङ, नयाँगाउँ, रम्दी र उदयपुरकोट गाविसहरु समेटेर माण्डवी गाउँपालिका घोषणा गरीएको थियो । यस गाउँपालिकाको उत्तरमा स्वर्गद्धारी र प्यूठान नगरपालिका पश्चिमतर्फ दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन् ।
- **क्षेत्रफ़ल:** ११३.०८ वर्ग.कि.मी.
- **जनसंख्या:** जम्मा जनसंख्या १५८६३ ,पुरुषको जनसंख्या: ७०३९ , महिलाको जनसंख्या: ८८२४ (श्रोत राष्ट्रिय जनगणना २०७८ ) ।
- **घर परिवार संख्या:** ३७९४ **जम्मा घरधुरी:** ३४६९
- **परिवारको औशत आकार:** ४.१८, **लैंगिक अनुपात**: ७९.७७ **वार्षिक जनसंख्या वृद्धिदर:** ०.५०
- **जनघनत्व:** १४०,
- **साक्षरता दर (प्रतिशतमा ):** ८१.५५
- **वडा संख्या:** ५
- **शैक्षिक संस्था संख्या:** मा.वि-५, नि.मा.वि- ६, प्रा.वि- १५, निजि स्कुल-२, सामुदायिक सिकाई केन्द्र: २
- **स्वास्थ्य संस्थाहरु:** ५ वटा स्वास्थ्य चौकी र ३ वटा सामुदायिक स्वास्थ्य इकाई गरि जम्मा ८ वटा स्वास्थ्य संस्थाहरु रहेका छन ।

## २०८२/०८३ को चैत २७ सम्मको आय-व्यय विवरण

**संघिय सरकार (आय विवरण)**

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | ७,७४,००,००० | ५,४५,१२,८२० | ७०.४३ |
| २. | शसर्त अनुदान चालु | १६,१३,००,००० | १०,१९,५७,००० | ६३.२१ |
| ३. | शसर्त अनुदान पुँजीगत | १,७१,००,००० | ९६,६९,००० | ५६.५४ |
| ४. | विशेष अनुदान पुँजीगत | ६९,००,००० | ० | ० |
| ५. | समपुरक अनुदान पुँजीगत | १,०५,००,००० | ० | ० |
| **जम्मा** | | **२७,३२,००,०००** | **१६,६१,३८,८२०** | **६०.८१** |

**प्रदेश सरकार (आय विवरण)**

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | ५०,१५,००० | २५,०७,५०० | ५० |
| २. | शसर्त अनुदान पुँजीगत | ७०,०० ,००० | ४६,२०,००० | ६६ |
| ३. | विशेष अनुदान पुँजीगत | २०,००,००० | ० | ० |
| ४. | समपुरक अनुदान पुँजीगत | ७५,००,००० | ० | ० |
| **जम्मा** | | **२,१५,१५,०००** | **७१,२७,५००** | **३३.१३** |

## राजश्व बाडफाँड

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|---|
| १. | संघिय सरकार | ७,८०,२२,५३२ | ४,५६,६५,२१० | ५८.५२ |
| २. | प्रदेश सरकार | ७७,७५,००० | २०,५४,९४३ | २६.५ |
| ३. | बाडफाँडबाट प्राप्त मनोरंजन कर | ५५,००० | ० | ० |
| ४. | बाडफाँडबाट प्राप्त विज्ञापन कर | ६५,००० | ६६,५५० | १०० |
| ५. | दहत्तर बहत्तरबाट प्राप्त आय | ३५,००,००० | ३०,७९,५०० | ८७.९८ |
| **जम्मा** | | **८,७९,६९,५३२** | **५,०८,६६,२०३** | **५७.८२** |

## आन्तरिक श्रोत

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|---|
| **१.** | आन्तरिक राजश्व | ७८,३७,२०७ | ४४,८०,१६२ | ५७।१६ |
| २. | बैंक मौज्दात | ३,७४,४५,९०० | १,९७,२७,३४४ | ५२.६८ |
| **जम्मा** | | **४,५२,८३,१०७** | **२,४२,०७,५०६** | ५३।४५ |

## व्यय तर्फ चालु र पुँजीगत खर्च विवरण (२०८२ चैत २७ सम्मको)

| सि.नं. | विवरण | विनियोजित बजेट रु. | खर्च रु | खर्च% |
|---|---|---|---|---|
| **१.** | चालु | ३१,१७,३२,६३९ | ११,४५,१८,००७।९८ | **३६.७४** |
| **२.** | पुँजीगत | ११,६२,१५,००० | ६४,७८,०११ | **५।५७** |
| कुल जम्मा | | **४२,७९,४७,६३९** | **१२,०९,९६,०१८।९८** | **२८.२७** |

## २. क्षेत्रगत खर्च विवरण

| आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/१२/२७ | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
| १ | आर्थिक विकास | १,१९,५०,००० | ११,६१,८५९ | ९.७२ |
| २ | सामाजिक विकास | २४,९६,८८,९००.०० | ८,३१,६२,४४८ | ३३.३१ |
| ३ | पूर्वाधार विकास | ६,१६,००,०००.०० | ५२,८७,६८१ | ८.५८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,८२,२२,०००.०० | १८,२६,३६४ | १०.०२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,६४,८६,७३९.०० | २,९५,५७,६६६.६४ | ३४.१८ |
| कुल जम्मा | | **४२,७९,४७,६३९.००** | **९,७६,५६,०५३.८६** | **२८।२७** |

# अन्तरिक राजश्व

## राजस्व शीर्षक अनुसार

| आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/१२/२७ | | | |
|---|---|---|---|
| क्र.सं. | राजस्व शीर्षक | रकम | कैफियत |
| १ | सम्पती कर | १३,५०,९३६.८३ | |
| २ | भुमिकर/मालपोत | ३४,००७.९५ | |
| ३ | वहाल कर | ३,८६,८११.०५ | |
| ४ | अखेटोपहारमा लाग्ने कर | २,२७,८००.०० | |
| ५ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,३८,३५०.०० | |
| ६ | अन्य सेवा शुल्क तथा बिक्री | १५,२००.०० | |
| ७ | न्यायिक दस्तूर | ३००.०० | |
| ८ | परीक्षा शुल्क | ५,३००.०० | |
| ९ | अन्य प्रशासनिक सेवा शुल्क | ४,६५,३७०.०० | |
| १० | नक्सापास दस्तुर | २,१३,८२६.६८ | |
| ११ | सिफारिश दस्तुर | ४,०३,२६०.०० | |
| १२ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४,८६,८००.०० | |
| १३ | नाता प्रमाणित दस्तुर | ४६,९५०.०० | |
| १४ | अन्य दस्तुर | १,८१,१८०.०० | |
| १५ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,१२,९८०.०० | |
| १६ | अन्य क्षेत्रको आय | ९००.०० | |
| १७ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४७,४४४.०० | |
| १८ | व्यवसाय कर | १२,२१०.०० | |
| १९ | बेरूजू | २,५०,५३५.६३ | |
| २० | विज्ञापन कर | ६६,५५०.०० | |
| २१ | दहत्तर बहत्तर शुल्क | ३०,७९,५००.०० | |
| जम्मा | | ७६,२६,२१२.१४ | |

## *राजस्व संकलन गर्ने कार्यालय अनुसार*

| क्र.सं. | राजस्व संकलन गर्ने कार्यालय | आ.व २०८२/०८३ को हालसम्म संकलित राजश्व जम्मा रु. | आ.व २०८२/०८३ को दोश्रो चौमासिकमा संकलित राजश्व जम्मा रु. | कैफियत |
|---|---|---|---|---|
| १ | माण्डवी गाउँपालिका, प्युठान | ५४,८७,१२४.५१ | ४०,७६,६३५.८३ | |
| २ | माण्डवी गाउँपालिका,१ नं. वडा कार्यालय, प्युठान | ३,१७,३०२.६३ | २,०९,७९४.९६ | |
| ३ | माण्डवी गाउँपालिका,२ नं. वडा कार्यालय, प्युठान | ३,११,१३७.१९ | २,११,०७२.२० | |
| ४ | माण्डवी गाउँपालिका,३ नं. वडा कार्यालय, प्युठान | ८,५८,२५८.७२ | ५,९३,४२८.७२ | |
| ५ | माण्डवी गाउँपालिका,४ नं. वडा कार्यालय, प्युठान | २,८०,५७०.९७ | २,३२,५००.१४ | |
| ६ | माण्डवी गाउँपालिका,५ नं. वडा कार्यालय, प्युठान | ३,७१,८१८.१२ | २,६५,८६०.०२ | |
| **जम्मा** | | **७६,२६,२१२.१४** | **५५,८९,२९१.८७** | |

# आ.व २०८२/८३ को दोश्रो चौमासिकसम्म  गाउँपालिका अन्तर्गतका विभिन्न शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरुको विवरण

## कृषि तथा पशुपन्छी

१. कृषि जन्य बिषादी खरिद कार्यक्रम आवश्यक बिषादी E-bidding मार्फत  खरिद गरि भुक्तानीको प्रक्रियामा  रहेको।
२. कृषि वालीमा लाग्ने विभिन्न रोग , किरा तथा समस्या अनुसारको बिषादी  निरन्तर रुपमा वितरण भईरहेको र कृषकको घर घरमा पुगी निरन्तर रुपमा रोग / किराको  समाधान  भईरहेको।
३. प्राविधिकहरुद्वारा कृषकहरुको समस्या पहिचान गर्न कृषकको खेत वारीमा पुगी निशुल्क सेवा प्रदान भैरहेको।
४. तरकरीवालीको बिउ वितरण अन्तर्गत पैचो लसुन कार्यक्रम संचालन गरिएको ।
५. स्थानीय पुष्प खेति प्रवर्धन गर्ने उदेश्यले पुष्प खेति कार्यक्रम अन्तर्गत माण्डवी- ३ , लामाचौर स्थित माण्डवी पुष्प तथा नर्सरी फर्म मार्फत कार्यक्रम सम्पन्न गरेको।
६. कृषि यन्त्रीकरण सामग्री वितरण कार्यक्रम अन्तर्गत सूचना मार्फत आबेदन लिइ छनोट प्रक्रियामा रहेको।
७. खाद्यान्न बालिको बिउ वितरण अन्तर्गत सूचना प्रकाशित गरि आबेदन संकलन गरिएको ।
८. मसला बालिको बिउ वितरण अन्तर्गत सूचना प्रकाशित गरि आबेदन संकलन गरिएको ।
९. १२७६ कृषक घर धुरिहरुका सम्पूर्ण पशुपन्छिहरुमा लाग्ने विभिन्न रोग तथा समस्या अनुसारको औषधी निरन्तर रुपमा वितरण भईरहेको र कृषकको घर घरमा पुगी निरन्तर रुपमा उपचार सेवा भईरहेको।
१०. माण्डवी गाउँपालिकाको ५ वटै वडामा रहेका गईगोरुहरुमा लाग्ने खोरेत (FMD) रोग विरुद्ध खोप लगाउने कार्य संचालनमा रहेको।
११. प्राविधिकहरुद्वारा कृषकहरुको समस्या पहिचान गर्न कृषकको घर गोठमा पुगी निशुल्क उपचार सेवा प्रदान भैरहेको।
१२. नश्ल सुधार अन्तर्गत सिरोहि जातको बोका वितरण कार्यक्रमको लागि आवेदन संकलन गरि वितरण कार्य बाँकी रहेको।
१३. लागत साझेदारीमा बाख्रा/भेडा खोर निर्माण सुधार कार्यक्रमको आवेदन संकलन गरि छनौट भएका कृषकहरुको  सम्झौता गरि खोर निर्माण कार्य भईरहेको।
१४. पशु सेवा शाखाको लागि आवश्यक मेसिनरी औजार खरिद र पशुहरुमा गरिने कृत्रिम गर्भाधानको लागि आवश्यक सामाग्री खरिद गरि भुक्तानीको प्रक्रियामा  रहेको।

## स्वास्थ्य

१. समुदाय स्तरमा  नसर्ने रोगको १ महिने स्क्रीनिङ अभियान अन्तर्गत १५०० जना व्यक्तिहरुको ब्लड प्रेसर जाँच, सुगर जाँच र मृगौला रोगको जाँच सम्पन गरिएको ।
२. ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्थाको लेखाजोखा संचालन गरिएको।
३. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोगथाम सम्बन्धि सचेतना कार्यक्रम वडास्तरमा  सम्पन्न गरिएको।
४. पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको लागि समुदायस्तरमा घरधुरी सर्वेक्षणको काम सम्पन्न गरिएको ।
५. कोभिड-१९ बिरुद्धको पहिलो/दोस्रो/बुष्टर र थप बुष्टर खोप अभियान संचालन गरिएको ।

६. माण्डवी गाउँपालिकाको आर्थिक सहयोग र प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारसँगको प्राविधिक सहयोगमा जेष्ठ नागरिक आखाँ जाँच कार्यक्रमलाई निरन्तरता दिईएको।

७. माण्डवी गाउँपालिकाको आयोजना र लमही आँखा अस्पतालको प्राविधिक सहयोगमा वडा स्तर स्क्रिनिङ शिबिर संचालन गरि मोतियाबिन्दु भएका ३७ जनाको निशुल्क अप्रेशन गरिएको।

८. स्वास्थ्य संस्थाहरुका लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामग्री e-bidding मार्फत बोलपत्र आव्हान गरि खरिद गरि सम्पूर्ण स्वास्थ्य संस्थामा वितरण गरिएको।

९. मृगौला डायलायसिस गराईरहेका र क्यान्सरको उपचार गराईरहेका २२ जना बिरामीहरुलाई प्रथम र दोश्रो त्रैमासिकको उपचार खर्च वापत मासिक रुपमा पाउने रु ५ हजार उपलब्ध गराईएको।

१०.गर्भवती, सुत्केरी महिला तथा दलित जेष्ठ नागरिकहरुका लागि निशुल्क एम्बुलेन्स सेवा निरन्तरता दिईएको।

११.५ वटै स्वास्थ्य चौकी मार्फत गर्भवती महिलाहरुका लागि भिडियो एक्सरे जाँच कार्यक्रम संचालनमा रहेको ।

१२.आर्थिक अवस्था कमजोर रहेका गाउँपालिकाका दीर्घरोगि बिरामीहरुलाई गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायता वापतको रकम ९ जनालाई उपलब्ध गराईएको।

१३.०-५९ महिनासम्मका सम्पूर्ण बालबालिकाहरुलाई पहिलो चरणको भिटामिन "ए" तथा जुकाको औषधी सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरु मार्फत खुवाउने कार्य सम्पन्न गरिएको।

१४.स्वास्थ्य संस्थामा औषधी व्यवस्थापन तथा भण्डारणका लागि सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) भर्सन २ सम्बन्धि स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

## शिक्षा

१. दश वर्षे माण्डवी गाउँपालिका शिक्षा योजना २०८२-२०९० को मस्यौदा लेखन कार्यदलले तयारी गरिएको।

२. तेस्रो अध्यक्ष कप २०८२ र चौथौ राष्ट्रपति रनिङ्ग शिल्ड २०८२ प्रतियोगिता सुसम्पन्न गरिएको।

३. विद्यालयको तथ्याङ्क सत्यापनका लागि,विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी सल्लाह सुझाव आदान प्रदान कार्यक्रम।

४. नतिजा सुधारकालागि कक्षा ८ र कक्षा १० का विद्यार्थीहरुलाई विद्यालयमा आवासीय पठनपाठनको व्यवस्था गरिएको।

५. नियमित गाउँ शिक्षा समिति बैठक,प्रधानाध्यापक बैठक बसी शैक्षिक असल अभ्यास ,अनुभव अदानप्रदान र योजना निर्माण गरिएको।

६. प्रधानाध्यापक संग र शिक्षकसंग शिक्षण सुधार सम्झौता गरिएको।

७. माध्यमिक शिक्षा SEE २०८१ को नतिजा समिक्षा गरी योजना निर्माण गरिएको।

८. शिक्षक क्षमता विकास तालिम सम्पन्न भएको।

९. शिक्षकहरुलाई क्षमता विकास तालिममा छनौट तथा सिफारिस गरिएको।

१०. अर्धबार्षिक परीक्षा २०८२ गाउँपालिका स्तरमा सञ्चालन गरेको।

११. विद्यालयमा अध्ययनरत छात्राहरुका लागि सेनिटरी प्याड खरिदका लागि माग गरिएको।

१२. विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन गरिएको।

१३. स्थानीय पाठ्यक्रम अधावधिक तथा परिमार्जन र पाठ्यपस्तक लेखन कार्य भइरहेको।

## भौतिक पूर्वाधार तथा भवन नियमन

१. संघीय समपुरक अनुदान अन्तर्गतको “नयाँगाउँ आपचौर उदयपुरकोट जोड्ने बाटो स्तरउन्नति“ योजना निर्माण भईरहेको।
२. संघीय विशेष अनुदान अन्तर्गतको " माडीनदि, अरङखोला, दक्सुनेपेदी, माडीदोभानसम्म नदि नियन्त्रण योजना ठेक्का प्रक्रियामा गई सम्झौताको चरणमा रहेको।
३. नेपाल सरकार शसर्त अनुदान अन्तर्गतको योजना "गणेश आ.वि ढिकावनमा चार कोठे भवन निर्माण" ठेक्का प्रक्रियामा गई सम्झौताको चरणमा रहेको।
४. प्रदेश सरकार विशेष अनुदान अन्तर्गतको योजना "यज्ञश्वरी आ.वि चारकोठे विद्यालय निर्माण" ठेक्का प्रक्रियामा गई सम्झौताको चरणमा रहेको।
५. प्रदेस समपुरक अन्तर्गतको “आपचौर धनचौर उदयपुरकोट सडक स्तरउन्नति“ योजना निर्माण भईरहेको ।
६. गाउँपालिकाको बहुबर्षीय योजना अन्तर्गतको "दोबाटा रातापानी मुर्कुटी सडक स्तरउन्नति" योजना निर्माण भईरहेको ।
७. गाउँपालिकाको बहुबर्षीय योजना अन्तर्गतको "लामाचौर देखि मार्सीबाङ खेलकुद मैदान जाने बाटो स्तरउन्नति "योजना निर्माण भईरहेको।
८. सडक निर्माण अन्तर्गत कोन्द्राचौर ढिकावन आपचौर मुक्चौर सडक स्तरउन्नति निर्माण कार्य सम्पन्न भई भुक्तानीको चरणमा रहेको।
९. डाम्रीखोला गणेश मा.वि रातापानी हुदै मुर्कुटी जोड्ने बाटो निर्माणको चरणमा रहेको ।
१०. प्रदेश सरकार ससर्त अनुदान अन्तर्गतको योजना "जसपुर बेसी धनचौर सडक माण्डवि ३ र ४" निर्माण कार्य सम्पन्न भएको।
११. प्रदेश सरकार ससर्त अनुदान अन्तर्गतको योजनाहरु क्रमशः बेलीपोखरी डाँडा हुदै पाङबाङ सडक माण्डवी २ ,थक्लेनि बजार हुँदै गाउँजोड्ने सडक निर्माण माण्डवी १ , ढिकावन बगैँचादेखि साउनेपानी खोला भन्जयाङ खोला सडक संरक्षण माण्डवी २ ,झाङबाङ खोला भित्र तापखोलामा सिचाई योजना माण्डबि ३, मार्सीबाङ लिफ्ट खानेपानी योजना निर्माण कार्य सम्पन्न भई भुक्तानीको चरणमा रहेको।
१२. संघीय ससर्त अनुदान अन्तर्गत रहेको ज्यामुरे बालुवा झोलुङ्गे पुल निर्माण योजना सम्झौता भई निर्माणको चरणमा रहेको।

## महिला,बालबालिका तथा सामाजिक समावेशीकरण

१. जेष्ठ नागरिक लक्षित कार्यक्रम अन्तर्गत ५ वटै वडाका ८० वर्ष माथिका १३६ जना जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्पन्न गरिएको।
२. अपाङ्ग सहायता सामाग्रीहरु (ह्विलचियर, बैशाखी, Blind stick) खरिद कार्य सम्पन्न भएको।
३. पन्चेबाज सामग्री खरिद गरि माण्डवी गा.पा वडा नं. २ पुक्रुकका पन्चेबाजा समुहलाई हस्तान्तरण गरिएको।
४. आ.व २०८२/०८३ को हालसम्म २ जनालाई अपाङ्ग परिचयपत्र वितरण गरिएको।
५. गाउँपालिका स्तरीय जेष्ठ नागरिक संजाल, अपाङ्ग संजालको पहिलो चौमासिक बैठक सम्पन्न गरिएको।
६. लैंगिक हिंसा विरुद्दको १६ दिने अभियानको अवसरमा गाउँपालिका र वडा कार्यालयमा लैंगिक हिंसा सम्वन्धी अभिमुखीकरण कार्यक्रम गरी सम्पन्न गरिएको ।
७. गाउँपालिकामा संचालित प्रतिवद्ध ३ परियोजनाको संयुक्त सहकार्यमा गाउँपालिका स्तरीय अपाङ्ग संजाललाई विपद व्यवस्थापन सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

१. आर्थिक वर्ष २०८२/०८३ मा राष्ट्रिय रोजगार प्रवर्दन कार्यक्रम अन्त्रगत जम्मा १० वटा योजना तथा ७० जना बेरोजगार व्यक्ति हरुलाई EMIS मा ईन्ट्रि गर्ने कार्य सम्पन्न भएको ।

२. ५ वटै वडा बाट नेपाल सरकार र गाउँपालिकाको साझेदारी बजेट बाट ५/५ वटाका दरले छनौट भई आएका जम्मा १० वटा योजना हरूको प्राविधिक ईस्टिमेट सहित सम्झौता गरी कार्यान्यवयनमा रहेको ।

३. आर्थिक वर्ष २०८२/०८३ मा राष्ट्रिय रोजगार प्रवर्दन कार्यक्रम अन्तरगतको स्विकृत वार्षिक कार्यक्रम श्रमको सम्मान राष्ट्रको अभियान तथा रोजगारीमा खटिनुपुर्व अभिमुखिकरण कार्यक्रम ५ वटै वडामा गई सम्पन्न गरी भुक्तानिको कार्य समेत सम्पन्न भएको ।

४. विभिन्न मुलुकमा वैदेशिक रोजगारीमा जाने व्यक्ति हरुको पुनःश्रम स्विकृति र श्रम स्विकृति गरी पुष देखि जम्मा १३ जना व्यक्ति हरुलाई श्रम स्विकृति प्रदान गरीएको छ ।

५. माण्डवी गाउँपालिका अन्तर्गतका वैदेशिक रोजगार बाट फर्किएका व्यक्ति हरुको सीपप,पुजि र अनुभव लगाएतका विवरण संकलन गरि उद्दमशिलता सम्वन्धि तालिम तथा कार्यक्रम संचालनका लागि सुचना प्रकाशन गरिएको ।

६. विभिन्न मुलुकमा वैदेशिक रोजगारिमा जाने व्यक्ति हरुमध्ये रोजगारशाखा बाट पुष देखि जम्मा १ जना व्यक्तिको पुलिस रिपोर्टमा सहजिकरण गरिएको ।

## गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम –मेड्पा

१. उद्यम विकासका लागि सामाजिक परिचालन अन्तर्गतका कार्यहरु ।

क) उद्यम विकास समितिको बैठक सम्पन्न गरीएको छ ।

ख) अभिमुखिकरण कार्यक्रम सम्पन्न गरीएको छ ।

ग) बस्ती छनोट कार्यक्रम सम्पन्न गरीएको छ ।

घ) लघु उद्यम विकास कार्यक्रमको मोडेल अनुसार पहिलो चरणको कार्यक्रमहरु: सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम , घरधुरी सर्वेक्षण , समुह गठन कार्यक्रम सम्पन्न गरीएको छ ।

२. दोस्रो चरणको कार्यक्रम उद्यमशीलता विकास तालिम सम्पन्न गरीएको छ ।

३.स्तरोन्नती तर्फको कार्यक्रम सम्पन्न गरीएको छ ।

४.प्राविधिक सीप विकास तालिम सञ्चालनको प्रक्रियामा रहेको छ ।

## विपद व्यवस्थापन

१. माण्डवी गाउँपालिकासँगको समन्वय र सहकार्यमा संचालित प्रतिवद्ध ३ परियोजना मार्फत यस गाउँपालिकामा आ.व २०८२/०८३ को दोश्रो चौमासिकमा सम्पन्न भएका विपद व्यवस्थापन सम्बन्धी भएका क्रियाकलापहरु

क) मनसुन समिक्षा र मौसम पूर्वानुमानमा आधारीत पूर्व कार्य योजना सम्वन्धि छलफलको लागी वडा स्तरीय विपद व्यवस्थापन समिति वैठक

ख) विपद व्यवस्थापनका सवालमा विद्यालयमा अभिमुखिकरण

ग) टोल विकास संस्थाको नियमित बैठक

घ) विपदका सवालमा आमा समूहसँग बैठक

ङ) पहिरो जोखिम उप-वर्गीकरण (मस्यौदा) पुस्तिकामा छलफल

च) वर्ग २ पहिरो जोखिम उप-वर्गीकरण तथा जोखिम न्यूनीकरण टुल्स कार्यशाला

छ) अपाङ्गता भएका व्यक्तिहरुका लाागि विपद् व्यवस्थापन सम्बन्धि अभिमुखिकरण

ज) मनसुन समिक्षा सम्वन्धि स्थानीय विपद व्यवस्थापन समिति बैठक

झ) ठोस फोहोर मैला व्यवस्थापन सम्बन्धी पालिका स्तरीय तालिम

१. माण्डवी गाउँपालिकाबाट २०८२ श्रावण देखि हालसम्म बाढी, पहिरो, आगलागी, भूकम्प लगायत प्राकृतिक विपदबाट पिडित भएका ५ घर परिवारलाई आर्थिक सहायता स्वरूप रु. ८०,००० प्रदान गरिएको ।

२. माण्डवी गाउँपालिका मिति २०७९ असोज महिनामा आएको बाढी पहिरोवाट क्षतिग्रस्त भई पुनर्स्थापनाका लागि छनौट भएका घर परिवारलाई जीविकोपार्जनका लागि आर्थिक सहायता प्रदान गर्नका लागि आवश्यक मापदण्ड तयारीको चरणमा रहेको ।

## सामाजिक सुरक्षा तथा पंजीकरण

### आ.व २०८२/०८३ दोश्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण

| वर्ग | लाभग्राही संख्या | वितरण गरिएको रकम रु. |
|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ७५७ | ९०,५६,७१० |
| जेष्ठ नागरिक भत्ता (दलित) | १२६ | ९,८१,५४० |
| जेष्ठ नागरिक एकल महिला | १६२ | १२,९२,७६० |
| विधवा (आर्थिक सहायता) | २८० | २२,१५,७८० |
| अपाङ्ग (क बर्ग) | २२ | २,५९,३५० |
| अपाङ्ग ख बर्ग (आर्थिक सहायता) | ९० | ५,७०,३०४ |
| दलित बालबालिका (बाल पोषण भत्ता) | २३५ | ३,५५,१२६ |
| **जम्मा** | **१६७२** | **१,४७,३१,५७०** |

माण्डवी गाउँपालिका सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण भईरहको, गाउँपालिका र बैंकको समन्वयमा लाभग्राहीहरुको सहजताको लागि सम्बन्धित वडाको पायक पर्ने ठाउमा गई सुरक्षाकर्मीको निगरानीमा बैंक तथा व्यक्तिगत घटना शाखा हेर्ने कर्मचारी उपस्थित भई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। यसबाट धैरे सामाजिक सुरक्षा भत्ता लाभग्राही लाभान्वित भएका छन्।

**व्यक्तिगत घटना दर्ताको सन्क्षिप्त प्रतिवेदन**

**जिल्ला :** प्युठान **गा.पा/न.पा. :** माण्डवी **दर्ता मिति देखि :** २०८२-०४-०१ **दर्ता मिति सम्म :** २०८२-१२-२३

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | २७ | २५ | ५२ | ९ | ८ | १७ | २ | ३२ | २ | ८ | ४ | १० | १०९ |
| २ | ४२ | ३६ | ७८ | १२ | ६ | १८ | ५ | ३० | १ | ७ | ६ | २४ | १३८ |
| ३ | ३४ | १४ | ४८ | ७ | ४ | ११ | ३ | २४ | १ | ५ | ३ | ७ | ९० |
| ४ | २७ | २१ | ४८ | ९ | ७ | १६ | ६ | १७ | | | ८ | ३९ | ९५ |
| ५ | २८ | २२ | ५० | ९ | ८ | १७ | ४ | २४ | | | ३ | १० | ९८ |
| जम्मा | १५८ | ११८ | २७६ | ४६ | ३३ | ७९ | २० | १२७ | ४ | २० | २४ | ९० | ५३० |

## न्यायिक कार्य सम्पादन

१. स्थानीय स्तरमा उत्पन्न भएको विवाद स्थानीय स्तरमै समाधान गर्ने उदेश्यले प्रचलित कानून बमोजिम गठन भएको स्थानीय न्यायिक समितिमा आ.व २०८२/०८३ मा हालसम्म २ वटा निवेदन परेकोमा सबै फछर्यौट भईसकेको छ।

२. स्थानीय न्यायिक समितिमा दर्ता हुन आएका विवादहरू किनारा लगाउने क्रममा नियमित रुपमा न्यायिक समितिको बैठक सञ्चालन गरिएको छ।

## योजनाहरुको कार्यान्वयन तह/क्षेत्र

| विवरण | योजना संख्या | कार्यान्वयन भईरहेका | कार्य सम्पन्न भई भुक्तानीको चरणमा रहेका | भुक्तानी सम्पन्न भएका |
|---|---|---|---|---|
| गा.पा. स्तरीय | **२०** | **१७** | **५** | **१** |
| **वडा स्तरीय** | | | | |
| वडा नं. १ | २२ | १९ | ५ | ० |
| वडा नं. २ | १७ | १५ | ९ | ६ |
| वडा नं. ३ | २८ | २५ | १२ | ० |
| वडा नं. ४ | २२ | १७ | ४ | ० |
| वडा नं. ५ | १५ | १५ | २ | ० |
| **जम्मा वडास्तरीय** | **१०४** | **९१** | **३२** | **६** |
| **कुल जम्मा** | **१२४** | **१०८** | **३७** | **७** |

### वडा कार्यालयबाट हुने सिफारिस

| वडा अनुसारको विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| नयाँ नागरिकता सिफारिस (सिफारिस प्रणाली अनुसार) | ८८ | १०३ | ८५ | ९३ | ६७ | ४३६ |
| अन्य सिफारिस | ४५३ | ४२० | १०२१ | ३५५ | ४०३ | २६५२ |
| जम्मा | ५४१ | ५२३ | ११०६ | ४४८ | ४७० | ३०८८ |

## समस्या तथा चुनौतीहरु

१. गत भदौ २३ र २४ गते नव-युवा पुस्ताको आन्दोलन पछि  राष्ट्रिय रुपमा अर्थतन्त्रमा आएको नकारात्मक प्रभावले योजना तथा कार्यक्रम कार्यन्वयनमा अन्योलता हुँदा समयमै योजना तथा कार्यक्रम संचालनमा बिलम्बता ।

२. आन्तरिक आय न्यून हुनु, स्रोत साधन परिचालन विनियोजन र विकासको प्रतिफलको सन्तुलित एवं समानुपातिक वितरण नहुनु

३. समयमा आवश्यक कानुहरू निर्माण नहुँदा कार्य सञ्चालन गर्न व्यवधान रहेको/आवश्यक कानुनहरूको अभावमा क्षेत्राधिकारको अस्पष्टता र अन्यौलता, नीतिगत अस्पष्टता र कतिपय कानुनहरू संघ, प्रदेश, स्थानीय तहबीच बाझिनु ।

४. विकासको लागि पर्याप्त बजेटको अभाव, कर्मचारी अभाव, उपलब्ध बजेट समयमा निकासा नहुनु, अनुदान रकम घटेर आउनु, टुक्रे योजना कार्यक्रमका कारण स्रोत साधनको सही सदुपयोग नहुनु ।

५. नागरिक समाज लगायत सरोकारवालाको भूमिका रचनात्मक नभई प्रतिक्रियात्मक बढी हुनु , Negative Advocacy  बढी हुनु, सरकारले गरेका राम्रा कामहरु उल्लेख गर्न नचाहने ।।

६. उपभोक्ता समिति जिम्मेवार नबन्नु  र अपनत्व नलिनु, समग्र जनताको सक्रिय सहभागिता जुटाउन कठिनाई ।

७. बेरुजुलाई हल्का रुपमा लिने प्रवृतिले सम्परिक्षण र फछर्यौटमा कठिनाई ।

८. स्थानीय राजनितिक अन्तर बिरोध ।

**भिमकान्त भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**